वर्ष ३, अंक ३
चैत्र २०६८, March 2012

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र



सदस्य महानुभावहरू,

संस्थाको विकास तथा विभिन्न अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थामा संलग्नता सँगै कापा जस्तो संस्थाको Public Sector Financial Management Committee मा प्रथमपटक मनोनित भएको र भर्खरमात्र स्थापित कमिटीमा स्थान पाउनु संस्थाको निमित्त गर्वको कुरा हो भन्ने मलाई लाग्दछ । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा संस्थाले खेलेको भूमिकाको प्रत्यक्ष असर स्पष्ट भएको छ भन्ने म ठान्दछु । हुनत साफा जस्तो क्षेत्रीय लेखाव्यवसायी संस्थाको छाता संगठनमा अध्यक्षको प्रमुख भूमिका निर्वाह गरिसकेको कुरा समेत स्मरण गराउन चाहन्छु ।

छैठौं परिषदको निर्वाचनको लागि तदारूपताका साथ कार्य गर्नको निमित्त निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको चयन भइसकेको छ । अघिल्ला परिषद सरह समयमा निर्वाचन गराई उक्त कार्यलाई निरन्तरता दिनु पनि मेरो दायित्व हो भन्ने मलाई लाग्दछ ।

ऐनले निर्दिष्ट गरिदिएको उद्देश्य प्राप्ति संस्थाको प्रमुख कर्तव्य भएकोले संस्थाको उद्देश्य प्राप्तिका लागि पछिल्ला समयमा सम्पन्न भएको र आगामी कार्यक्रमहरू निम्नानुसार रहेका छन् ।

### सदस्यहरुको व्यसायिक क्षमता अभिबृद्धि एवं आचरण सम्बन्धमा

- अनवरत व्यवसायिक शिक्षा (सी.पी.ई.) निरन्तर सञ्चालन भईरहेको छ ।
- २०६८ पौष मसान्तसम्म समय सीमा तोकी वाणिज्य विषयमा स्नातक तह उत्तीर्ण गर्ने घ वर्गका सदस्यहरूलाई ग वर्गमा वर्गबृद्धि गर्ने नियमअनुसार ४६ जनाको वर्गबृद्धि गरिएको छ । फाईल बढुवाको आधारमा घ बाट ग तथा ग बाट ख मा क्रमशः २/२ जनाको वर्ग बृद्धि भएको छ । त्यसैगरी परीक्षाको आधारमा घ बाट ग तथा ग बाट ख मा क्रमशः १/१ जनाको वर्ग बृद्धि भएको छ ।
- संस्थाको १५औं वार्षिक उत्सवको अवसरमा संस्थाले नेपाल बैंकर्स एसोसिएसन संग मिलेर Contemporary Issues on Banking from the Prospective of Regulators, Auditors and Bankers नामक कन्फरेन्स सम्पन्न गरेको छ ।
- संस्थाले यही अप्रिलमा बीमा समिति तथा नेपाल बिमक संघ (Nepal Insurers' Association) सँग मिलेर Contemporary Issues on Insurance from the Prospective of Regulators,

पृष्ठ २ मा क्रमश...

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १५औं वार्षिक उत्सव सम्पन्न




अर्थ राज्यमन्त्रीज्यू संस्थाको वार्षिकोत्सवको उपलक्ष्यमा दीप प्रज्वलन गर्नुहुँदै ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १५औं वार्षिक उत्सव कार्यक्रम मिति २०६८माघ १७ गते एक समारोहका वीच भव्य रुपमा सम्पन्न भयो । प्रमुख अतिथी माननीय अर्थ राज्य मन्त्री श्री हरि खेवा लिम्बुले दीप प्रज्वलन गरी कार्यक्रमको बिधिवत सुभारम्भ गर्नुभई संस्थाको उत्तरोत्तर प्रगतिको कामनाको साथै संस्थाले छोटो अवधिमानै गरेको प्रगतिको सह्राना गर्नुभयो । उक्त अवसरमा संस्थाका कर्मचारीहरूको मिहेनत र लगनशीलताको प्रशंसा गर्नु भयो भने कर्मचारीहरूलाई अफ मिहेनत र लगनशीलताका साथ लाग्न प्रेरित समेत गर्नुभएको थियो । सोही समारोहमा संस्थासंग आवद्व रहेका संस्थाका सदस्यहरूलाई संस्थाको विकासको निमित्त लागिरहनुपर्ने कुरामा जोड दिनु भई लेखाव्यवसायीहरूलाई आफूले पालना गर्नुपर्ने आचार संहीताको अधिनमा रही लेखाव्यवसाय संचालन गर्न समेत निर्देशन दिनुभएको थियो । त्यसै क्रममा मन्त्रालयले संस्थाको भवन निर्माण कार्यमा सक्दो सहयोग गर्ने आश्वासन समेत दिनुभएको थियो ।

सोही अवसरमा कार्यवाहक महालेखा परीक्षक श्री खेमप्रसाद दहालज्यूले शुभकामना मन्तव्य दिँदै लेखाव्यवसायको विकासको निमित्त संस्थाले खेलेको महत्वपूर्ण भूमिकाको सह्राना गर्नु हुंदै संस्थाको विकासको निमित्त महालेखा परीक्षकको कार्यलयले समेत सदैव सहयोग गर्ने आश्वासन समेत दिनुभएको थियो ।

त्यसैगरी, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर तथा संस्थाका सदस्य सिए. महाप्रसाद अधिकारीले संस्थाले आफ्नो विकासको निमित्त गरेको हरेक पहलको सह्राना गर्नुहुँदै संस्थाले गर्नुपर्ने सुधारको कार्यक्रमहरूको समेत प्रकाश पार्नुभएको थियो भने नेपाल बैंकर्श एसोसिएसनका अध्यक्ष श्री अशोक समशेर जंगबहादुर राणाले सफलताको कामनाको साथै संस्थाको कामको सह्राना गर्नु भएको थियो ।

सोही समारोहमा संस्थाको तर्फबाट संस्थामा बिशिष्ट योगदान पुर्‍याउने कर्मचारी बरिष्ठ सहायक श्री भक्त बहादुर कार्की तथा कनिष्ठ सहायक श्री खोरनाथ लामिछानेलाई उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कृत गरिएको थियो भने संस्थाबाट लिईएको चार्टर्ड एकाउन्टेन्सी कोर्षका बिभिन्न तहका परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने विद्यार्थीहरूलाई माननीय अर्थ राज्यमन्त्रीले पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको

Auditors and Insurers' नामक कन्फरेन्सको आयोजना गर्न गइरहेको छ ।

- संस्थाले बैसाखमा IFRS सम्बन्धि कार्यशाला गोष्ठी गर्ने लक्ष्य लिएको छ ।

## शिक्षा तथा परीक्षा विभाग सम्बन्धमा

- CAP III Level को पाठ्यक्रम अनुसार Strategic Management र MICS को पाठ्यसामाग्री प्रकाशित गरेको छ भने Taxation को पाठ्यसामाग्री र Accounting Technician Course Manual छपाईको प्रक्रियामा रहेको छ ।
- संस्थाले December 2011 देखि CA Final/CAP III परीक्षामा सरिक हुने चार्टर्ड एकाउन्टेन्ट विद्यार्थीलाई प्रमाण पत्र पाउनु अघि अनिवार्य GMCS Program मा सरिक हुनु पर्ने व्यबस्था गरिएको छ । उक्त कार्यक्रमले चार्टर्ड एकाउन्टेन्टहरूमा व्यबस्थापन एवं Communication सम्बन्धी ज्ञान अभिबृद्धी हुने छ ।
- डिसेम्बर २०११ मा संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल प्रकाशित गरिएको छ ।
- चार्टर्ड एकाउन्टेन्सी कोर्षको महत्व बुझाउने हेतुले केरीयर काउन्सलिङ्ग कार्यक्रमलाई निरन्तरता दिईएको छ र अझ यसलाई प्रभावकारी ढंगबाट आगाडि बढाईने छ ।
- संस्थाले CAP II, CAP III तथा Accounting Technician तहका विद्यार्थीहरूलाई आवश्यक पर्ने IT Course संचालन गराईरहेको छ ।
- विभिन्न तहका छात्रवृत्तिको निमित्त प्राप्त दरखास्तको अन्तिम छनौटगरी CAP I, CAP II तथा CAP III का कर्मठ तथा जेहेन्दार विद्यार्थीलाई पूर्ण छात्रवृत्ति तथा आंशिक छात्रवृत्तिको निमित्त विद्यार्थीहरू छनौट गरेको छ ।
- चार्टर्ड एकाउन्टेन्सी कोर्ष अध्ययापन गराउने उद्देश्य राखी संस्थाको मापदण्ड अनुरुप दरखास्त दिने थप एक संस्थालाई आबद्धता प्रदान गरेको छ ।

## संस्थागत विकास तथा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धमा

- संस्थागत विकासको निमित्त विभिन्न नियमनकारी निकायसँगको छलफललाई निरन्तरता दिई समन्वयात्मक रूपमा अघि बढिनेछ ।
- संस्थाको आवश्यकता तथा कर्मचारीको विकासको निमित्त समयसापेक्ष कर्मचारीलाई तालिमका अवसरहरू प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- लेखा तथा लेखापरीक्षण तथा सोही अनुरूपका समसामयिक विषयमा प्रमुखताका साथ एक्लै तथा संयुक्त रूपमा अन्तरक्रिया, कार्यशाला गोष्ठी तथा सेमिनारहरूको आयोजना गरिनेछ ।
- छैठौं परिषदको निर्वाचनको कार्यको लागि निर्वाचन अधिकृतको कार्यालयको स्थापना तथा निर्वाचन अधिकृतको चयन गरी निर्वाचन कार्यलाई तदारूपतका साथ अघि बढाइएको छ ।
- भवन निर्माणको कार्य द्रुत गतिमा अघि बढिरहेको छ ।

संस्थाको विकासमा सदस्यको भूमिका महत्वपूर्ण हुने हुँदा सदस्यको हीतको निमित्त विभिन्न कार्यक्रमहरू आयोजना गर्दै आईरहेकोमा अझ थप कार्यक्रमहरू अगाडि ल्याई सदस्यहरूको क्षमता अभिवृद्धिको निमित्त पहल गर्ने विश्वास दिलाउन चाहन्छु । अन्तमा, मेरो कार्यकालमा सदाझैं सहयोग गर्नुहुने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू, सम्पूर्ण पार्षद मित्रहरू, पूर्व अध्यक्ष ज्यूहरू, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारी वर्गमा हार्दिक आभार व्यक्त गर्दै नयाँ वर्ष २०६९ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !



सिए. सुदर्शनराज पाण्डे
अध्यक्ष



अर्थ राज्यमन्त्रीज्यूबाट उत्कृष्ट विद्यार्थीलाई पदक तथा प्रमाणपत्र प्रदान गर्नुहुँदै ।

थियो । सोही समारोहमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी संगठनद्वारा आयोजित खेलकुद कार्यक्रमका विजयीलाई समेत प्रमुख अतिथीबाट उपहार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

अन्तमा, संस्थाका उपाध्यक्ष सिए. मधु विर पाण्डेले उपस्थित सबै तथा संस्थालाई सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरी कार्यक्रमको समापन गर्नुभएको थियो ।

## बैकिङ्ग कन्फरेन्स सम्पन्न

संस्थाको १५औं वार्षिक उत्सव कार्यक्रमको अवसरमा संस्था तथा नेपाल बैंकर्स एसोसिएसनको संयुक्त आयोजनामा मिति २०६८/१०/१७ गते काठमाडौंमा एक दिने "Contemporary Issues on Banking from the Prospective of Regulators, Auditors & Bankers" विषयक कन्फरेन्स सम्पन्न भयो । कन्फरेन्स बैंकिङ्ग तथा बैंकिङ्ग क्षेत्रका समसामयिक विषयमा केन्द्रित रहेको थियो ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महाप्रसाद अधिकारीको कार्यक्रम शुभारम्भ मन्तव्यबाट शुरू भएको कार्यक्रम चार सत्रमा संचालित थियो । प्रमुख वक्ताको रूपमा सिए. शैलेस हरिभक्ति (भारत) ले "Corporate Governance" को बारेमा Key Note Speech प्रस्तुत गर्नुभएको उक्त कन्फरेन्समा अन्य प्राविधिक पेपरहरू प्रस्तुत गरिएका थिए ।

भूतपूर्व अध्यक्ष, सिए. तीर्थराज उपाध्याय, भूतपूर्व अध्यक्ष, सिए. प्रभुराम भण्डारी, नेपाल राष्ट्र बैंक, बैकिङ्ग सुपरीवेक्षण विभाग, कार्यकारी




बैंकिङ्ग कन्फरेन्सको एक झलक ।

निर्देशक, श्री लोक बहादुर खड्का तथा भूतपूर्व अध्यक्ष, सिए. प्रदीपकुमार श्रेष्ठले क्रमशः पहिलो, दोस्रो, तेस्रो तथा चौथो सत्रको अध्यक्षता गर्नुभएको थियो भने निर्देशक, नेपाल राष्ट्र बैंक, सिए. शिवनाथ पाण्डे, अध्यक्ष, सिए. सुदर्शनराज पाण्डे, निवर्तमान अध्यक्ष सिए. सुनिरकुमार ढुंगेल, तथा सिए. जगदीश भट्टराईले क्रमशः अलग अलग सत्रमा "Relationship between Banking Supervisors & External Auditors", "Merger & Acquisition in Banking Sector", "Audit of Financial Statement of Bank (Appendix 1-5)" तथा "Obligation of IFRS in Banking Sector", विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

कन्फरेन्समा सहभागिता जनाउने संस्थाका सदस्यहरूलाई ८ सी.पी.ई क्रेडिट आवर प्रदान गरिएको थियो ।

## शाखा लेखापरीक्षण सम्बन्धमा छलफल

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महाप्रसाद अधिकारीको उपस्थितिमा शाखा लेखापरीक्षण लागू गर्ने सम्बन्धमा एक छलफल कार्यक्रम सम्पन्न भयो । छलफल कार्यक्रममा नेपाल बैंकर्स एसोसिएसनका पदाधिकारी, बैंक तथा वित्तीय संस्थाका कार्यकारी प्रमुखहरू, संस्थाका अध्यक्ष, सिए. सुदर्शनराज पाण्डे, उपाअध्यक्ष, सिए. मधु विर पाण्डे, पार्षद, नरेन्द्र भट्टराई, पार्षद, सुरेश देवकोटा, कार्यकारी निर्देशक, विनयप्रकाश श्रेष्ठ र प्राविधिक निर्देशक, परमानन्द अधिकारीको उपस्थिति रहेको थियो ।

## सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको अवस्था

श्रावण ०१, २०६८ देखि चैत्र १८, २०६८ सम्म कूल सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको स्थिति तथा नवीकरण स्थिति निम्न अनुसार रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ५९० | ५५३ | ५२४ | २१० | ४२३ | १८८ |
| आरए. बी | ३३६६ | २१८६ | ३११३ | १६७३ | ८८० | ६७४ |
| आरए. सी | १५८९ | ९४३ | १४५० | ७७१ | ३०९ | १९८ |
| आरए.डी | २३२७ | १४८३ | २१३१ | १३१६ | २०४ | १५१ |
| कूल सदस्य | ७८७२ | ५१६५ | ७२१८ | ३९७० | १८१७ | १२११ |

# शिक्षा तथा परीक्षा विभाग

## नतिजा प्रकाशन सम्बन्धमा

नोभेम्बर १५ देखि १७ सम्म संस्थाबाट संचालित सिए सदस्यता परीक्षामा सामेल भएका परीक्षार्थीहरू मध्ये जम्मा १७ जना परीक्षार्थी संस्थाको सदस्यको लागि योग्य भएका छन् जसमा Corporate Law मा ३१, Direct Tax मा ३८ र Indirect Tax मा ३९ जना परीक्षार्थी रहेका थिए ।

त्यसैगरी, २०११ डिसेम्वरमा संचालित विभिन्न तहको चार्टर्ड एकाउन्टेन्सी परीक्षामा सामेल परीक्षार्थीहरूको परीक्षाफल प्रकाशित गरिएको छ । परीक्षाको नतिजा अनुसार CAP I तथा Foundation, CAP II तथा Intermediate र CAP III तथा Final तहको अवस्था निम्न रहेको छ ।

| | फाउण्डेशन | इन्टरमिडियट | फाईनल | CAP-I | CAP-II | CAP-III |
|---|---|---|---|---|---|---|
| जम्मा उपस्थित परीक्षार्थी | ८ | २१ | ३९ | ७६६ | ९०६ | ९८ |
| दुवै समूह उत्तीर्ण | - | - | - | २२३ | १९ | ४ |
| पहिलो समूह उत्तीर्ण | - | १ | १ | ६१ | ६० | २ |
| दोस्रो समूह उत्तीर्ण | - | १ | १ | १०७ | ३५ | २१ |

त्यस्तै, विभिन्न वर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरूको वर्गबृद्धिको नतिजा प्रकाशित गरिएको छ । नतिजा अनुसार **ग** बाट **ख** वर्गमा, तथा **घ** बाट **ग** वर्गमा परीक्षा, लेखापरीक्षण कार्य अनुभव तथा स्वतमा गरी वर्गबृद्धि भएका सदस्यहरूको अवस्था निम्न रहेको छ ।

### स्वतःबाट

नेपाल चार्टर्ड एकान्टेन्ट्स नियमावली २०६१ (संशोधन सहित)को नियम ५४ (८) बमोजिम पौष मसान्तसम्म समय सीमा तोकी वाणिज्य तथा व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गर्ने ४६ जना 'घ' वर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई 'ग' वर्गमा वर्गवृद्धि गरिएको छ । जसमा पहिलोपटकको १४ जनाको नामावली यस भन्दा अघिल्लो खबर पत्रिकामा प्रकाशित गरिसकिएको छ भने बाँकीको नामावली निम्न रहेको छ :

| क्र. सं. | सदस्यता नं | नाम | क्र. सं. | सदस्यता नं | नाम |
|---|---|---|---|---|---|
| १) | ७५०१ | डम्बर बहादुर सुनुवार | १७) | २५९३ | हिमलाल अधिकारी |
| २) | ३२८९ | श्री बिक्रम व्याञ्जु | १८) | ६४९६ | चन्द्र बहादुर महर्जन |
| ३) | २४२६ | हेरम्व शर्मा पौडेल | १९) | २३९८ | प्रेम बहादुर के.सी |
| ४) | ७२३४ | कृष्ण मोहन लम्साल | २०) | ६५७८ | रामचन्द्र भोछिमोया |
| ५) | ८४० | चिन्तामणि चापागाई | २१) | ३७४१ | हर्कबहादुर शाही |
| ६) | ७३१४ | राम कुमार श्रेष्ठ | २२) | ५५३९ | नारायण प्रसाद शर्मा |
| ७) | ६९९७ | विनय कर्माचार्य | २३) | ६२२७ | दिनेश भण्डारी |
| ८) | ५१७६ | पदमलाल लामिछाने | २४) | ५८२२ | भरत बहादुर चन्द |
| ९) | ६३४८ | महेन्द्र प्रसाद तिमिल्सिना | २५) | ३४८९ | नारायण प्रसाद शर्मा |
| १०) | २५८४ | टंक प्रसाद पौडेल | २६) | ३३११ | वेदानन्द दहाल |
| ११) | ६२५९ | राम प्रसाद पाण्डे | २७) | ५७३७ | लाल बहादुर मल्ल |
| १२) | ५४६१ | प्रेम बहादुर निदाल | २८) | ४०७६ | नारायण राज विष्ट |
| १३) | २७६३ | कमल सिंह महरा | २९) | १५०८ | क्षेत्रनाथ सुवेदी |
| १४) | ४१४१ | भुपेन्द्र राज गिरी | ३०) | ३८३३ | माधव प्रसाद बास्तोला |
| १५) | ३१८६ | गोविन्द प्रसाद रेग्मी | ३१) | १५६४ | रामकाजी थामी |
| १६) | ६६५३ | माधव प्रसाद अधिकारी | ३२) | ७०७७ | प्रेम बहादुर प्रजापति |

### लेखापरीक्षण अनुभवको आधारमा

**घ** वर्गबाट **ग** वर्गमा वर्गबृद्धि २ जना

| क्र.सं. | सदस्यता नं. | नाम |
|---|---|---|
| १ | ४८४० | गौरी प्रसाद नाथ |
| २ | ५८७६ | भरत यादव |

**ग** वर्गबाट **ख** वर्गमा वर्गबृद्धि २ जना

| क्र.सं. | सदस्यता नं. | नाम |
|---|---|---|
| १ | ४७८७ | युवराज चौधरी |
| २ | ३४८६ | सबुर लाल चौधरी |

**परीक्षाको माध्यमबाट**

**घ** वर्गबाट **ग** वर्गमा वर्गबृद्धि ३ जना

| क्र.सं. | सदस्यता नं. | नाम |
|---|---|---|
| १ | ५५८७ | नारायण प्रसाद रेग्मी |
| २ | ७३६३ | राम कुमार शाह |
| ३ | ७०२६ | रामचन्द्र पौडेल |

**ग** वर्गबाट **ख** वर्गमा वर्गबृद्धि ३ जना

| क्र.सं. | सदस्यता नं. | नाम |
|---|---|---|
| १ | ४९८५ | हिरा रत्न बज्राचार्य |
| २ | ४०८८ | पोषक लाल श्रेष्ठ |
| ३ | ७१०५ | शिव प्रसाद ढुङ्गाना |

## प्रकाशन सम्बन्धमा

CAP III Level को पाठ्यक्रम अनुसार Strategic Management र MICS को पाठ्यसामाग्री प्रकाशित गरेको छ भने Taxation को पाठ्यसामाग्री र Accounting Technician Course Manual छपाईको प्रक्रियामा रहेको छ ।

## छात्रवृत्ति सम्बन्धमा

आर्थिक वर्ष २०६८/६९का लागि छात्रवृत्तिका लागि छनौटमा परेका विद्यार्थीहरूको अन्तिम अन्तर्वार्ता सम्पन्न गरी मेरिटको आधारमा लिष्ट तयार पारिएका छ । विभिन्न तहका जम्मा २१४ विद्यार्थीले आवेदन दिएकोमा CAP I, CAP II तथा CAP III का क्रमश १२, १५ तथा ३ जनालाई छात्रवृत्तिको निमित्त छनौट गरेको छ । जसमा CAP I तथा CAP II Level का प्रत्येकबाट २/२ जना जेहेन्दार विद्यार्थीलाई पूर्ण छात्रवृत्ति तथा अन्यलाई आंशिक छात्रवृत्तिको निमित्त छनौट गरेको छ । संस्थाले छात्रवृत्ति कोषको स्थापना गरी यस्तो छात्रवृत्ति गरीव तथा जेहेन्दार विद्यार्थीको हौसलाको निमित्त प्रत्येक वर्ष प्रदान गर्ने गरेको छ ।

## General Management and Communication Skills (GMCS) Training सम्बन्धमा

मिति २०६८/१२/१२ (२५ मार्च, २०१२) गते देखि CAP III Level/ Final Level पास भएका विद्यार्थीहरूलाई अनिवार्य रूपमा सामान्य व्यवस्थापन तथा सञ्चार शीप (GMCS) सम्बन्धी तालिम शुरू गरेको छ । उक्त तालिम सिए परीक्षा पास गरेका तथा CAP III Level/ Final Level को दुवै समूहमा सहभागि भएकाहरूले लिइरहेका छन् । ११ जना विद्यार्थीहरूले सहभागिता जनाएको उक्त तालिममा ७ जना सिए परीक्षा उत्तीर्ण गरेका तथा ४ जना दुवै समूहको परीक्षामा सहभागि भएका विद्यार्थीहरू रहेका छन् । प्रत्येक दिन ३ सेसनमा सञ्चालन भएको उक्त १५ दिने तालिम २०६८/१२/२८ (१० अप्रिल, २०१२) सम्म सञ्चालन हुनेछ ।




GMCS कार्यक्रमको उद्घाटन समारोहमा संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारीहरूका साथमा विद्यार्थीहरू ।

## केरीयर काउन्सलिङ्ग सम्बन्धमा

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्वबारे ईच्छुक विद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले काठमाडौं तथा बुटवलका विभिन्न स्थानमा केरीयर काउन्सलिङ्गको आयोजना गऱ्यो ।

काठमाडौंको मोर्गन कलेजमा माघ २६ गते संस्थाका बरिष्ठ अधिकृत श्री चुडामणी आचार्यले कार्यक्रम संचालन गर्नुभएको थियो । दुई सेसनमा संचालित उक्त कार्यक्रममा क्रमशः ५९ र ५६ जनाको सहभागिता रहेको थियो ।

त्यस्तै, काठमाडौंको मनोमोहन कलेजमा फाल्गुण १९ र २८ गते संस्थाका सह-निर्देशक विनोदप्रसाद न्यौपानेले कार्यक्रम संचालन गर्नुभएको थियो । कार्यक्रममा क्रमश १०६ तथा ४८ जनाको सहभागिता रहेको थियो ।

त्यसैगरी, फाल्गुण १९ गते बुटवलमा अर्को केरीयर काउन्सलिङ्गको आयोजना भयो । उक्त कार्यक्रम बुटवल शाखाका कर्मचारी श्री प्रयास शाक्यले संचालन गर्नुभएको थियो । दुई स्थानमा संचालित उक्त कार्यक्रममा क्रमशः ३७ र ६० जनाको सहभागिता रहेको थियो ।

त्यसैगरी, बुटवलको लुम्बिनी वाणिज्य क्याम्पस, ग्लोरियस कलेज तथा अक्सफोर्ड कलेजमा छुट्टाछुट्टै केरीयर काउन्सलिङ्गको आयोजना भयो । संस्थाका प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारीले सञ्चालन गर्नु भएको कार्यक्रममा क्रमशः २४४, १७ र २३ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । लुम्बिनी वाणिज्य क्याम्पसमा फाल्गुण ३० र चैत्र १ गते जम्मा ५ सेसनमा कार्यक्रमहरू सञ्चालन भएको थियो भने अन्य कलेजमा चैत्र १ गते १/१ सेसनमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

त्यसैगरी, चैत्र ९ र १० गते काठमाडौंको ब्रिलियन्ट कलेजमा अर्को केरीयर काउन्सलिङ्गको आयोजना भएको थियो । उक्त कार्यक्रम संस्थाका प्राविधिक सह-निर्देशक सिए. पुस्पेन्द्र सिंहले संचालन गर्नुभएको थियो । दुई दिन सञ्चालित उक्त कार्यक्रममा क्रमशः ३१ र ३८ जनाको सहभागिता रहेको थियो ।

## एकाउन्टिङ्ग टेक्निसीयन परीक्षा सम्बन्धमा

मिति २०६८/१२/१४ (२७ मार्च, २०१२) देखि २०६८/१२/१७ (३० मार्च, २०१२) सम्म एकाउन्टिङ्ग टेक्निसीयन अन्तिम परीक्षा सञ्चालन भएको थियो । ३ विद्यार्थी योग्यता परीक्षामा उत्तीर्ण भएकोमा जम्मा २ जना परीक्षार्थीले परीक्षामा सहभागिता जनाएका थिए । अन्तिम परीक्षा वर्षका दुई पटक मार्च तथा सेप्टेम्बर महिनामा सञ्चालन हुने गर्दछ ।

## अन्तर्राष्ट्रिय समाचार

### कापा (CAPA) Public Sector Financial Management CommitteeMeeting (PSFM) सम्बन्धी

अष्ट्रेलियामा सम्पन्न भएको CAPA Assembly Meeting मा भएको छलफलको निर्णय अनुसार CAPA Board ले Public Sector Financial Management (PSFM) Committee गठन गरेको छ । बंगलादेशको ढाकामा मिति २४ February, २०१२ मा सम्पन्न प्रथम Public Sector Financial Management (PSFM) Committee बैठक The Institute of Chartered Accountants of Bangladesh (ICAB) ले गरेको थियो ।



Public Sector Financial Management CommitteeMeeting को एक दृश्य ।

संस्थाको व्यवसायिकता विकास भईरहेको आधारमा CAPA को PSFM को प्रथम बैठकले उक्त कमिटीमा संस्थालाई मनोनयन गरेको हो । कमिटी बैठकमा संस्थाको तर्फबाट अध्यक्ष, सिए. सुदर्शनराज पाण्डे तथा उपाध्यक्ष, सिए. मधु विर पाण्डेले सहभागिता जनाउनु भएको थियो । उक्त बैठकले PSFM कमिटीले आगामी दिनहरूमा के कसरी अगाडी बढ्ने भन्ने रणनीतिका साथै समितिको TOR मा बिस्तृत छलफल गरेको थियो ।

### 75th SAFA Assembly Meeting तथा International Conference, चेन्नाई, भारत

मिति २०१२ जेनेवरी ६ देखि ८ सम्म भारतको चेन्नाईमा ICAI को आयोजनामा ७५ औं SAFA Assembly Meeting तथा International Conference सम्पन्न भयो । उक्त अन्तर्राष्ट्रिय कन्फरेन्समा अध्यक्ष, सिए. सुदर्शनराज पाण्डेले नेपालको Small and Medium Enterprises (SME) को महत्व एवं सो सँग जोडिएको Small and Medium Practice Unit (SMP) को अवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त कन्फरेन्समा संस्थाको तर्फबाट अध्यक्ष, सिए. सुदर्शनराज पाण्डे, उपाध्यक्ष, सिए. मधु विर पाण्डे, पार्षद, सिए. कृष्णप्रसाद आचार्य, पार्षद, आरए. लक्ष्मणप्रसाद खनाल तथा कार्यकारी निर्देशक, सिए. विनयप्रकाश श्रेष्ठले सहभागिता जनाउनु भएको थियो ।

साफा एसेम्बली मिटिङ्गको कार्यभार ICAMP का अध्यक्ष श्री मोहमद रफीले सम्हाल्नु भएको थियो भने उक्त मिटिङ्गले निवर्तमान अध्यक्षले आफ्नो कार्यकाल सफलताका साथ सम्पन्न गर्नुभएकोमा धन्यवाद ज्ञापन गरेको थियो ।

### निर्वाचन सम्बन्धी

मिति २०६९/०२/२६ गते हुने परिषदको छैठौं परिषदको निर्वाचन प्रक्रिया शुरू गर्न निर्वाचन कार्यलयको स्थापनाको साथै निर्वाचन अधिकृतको मनोनयन गरिएको छ । निर्वाचन कार्यालयको स्थापना संस्थाको केन्द्रीय कार्यलय बबरमहलमा गरिएको छ भने निर्वाचन अधिकृतको जिम्मेवारी नायव महालेखा परीक्षक श्री मोहदत्त तिमिल्सिनालाई दिईएको छ । निर्वाचन कार्यलाई समन्वयात्मक ढंगबाट सञ्चालन गर्नको निमित्त संस्थाको तर्फबाट डेपुटी डाइरेक्टर, गोमा राउत, वरिष्ठ अधिकृत, चुडामणी आचार्य तथा कार्यालय सहायक, शिवहरि नेपाललाई चयन गरिएको छ । आरए सदस्य ४६०५ तथा सिए सदस्य ५५१ ले आफ्नो मताधिकार प्रयोग गर्नेछन् । उक्त मतदानबाट सिए सदस्य तर्फ १० जना तथा आरए. सदस्य तर्फ ४ जना पार्षदहरू निर्वाचित हुनेछन् । कूल १७ सदस्यीय परिषदमा बाँकी ३ जना नेपाल सरकारबाट मनोनित हुनेछन् ।

## अन्य समाचार

### रक्तदान कार्यक्रम सम्पन्न

"रक्तदान जीवनदानको नारा सहीत" नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल राष्ट्रिय कर्मचारी संगठन तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स विद्यार्थी संगठनको संयुक्त आयोजनामा संस्थाको प्राङ्गणमा रक्तदान कार्यक्रमको आयोजना गरियो । नेपाल रेडक्रस सोसाईटी, केन्द्रीय रक्त संचार सेवा काठमाडौंको सहयोगमा संचालित उक्त कार्यक्रममा संस्थाका अध्यक्ष, सिए. सुदर्शनराज पाण्डे, उपाध्यक्ष, सिए. मधु विर पाण्डे, संस्थाका कर्मचारी लगायत विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको उक्त कार्यक्रममा ९९ जनाले रक्तदान गरेका थिए ।



रक्तदान कार्यक्रमको एक दृश्य ।

## बनभोज कार्यक्रम

मिति २०६८ फाल्गुण ७ गते नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले काठमाडौंको दक्षिणकालीमा बनभोज कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष, उपाध्यक्ष, कार्यकारी निर्देशक लगायत अधिकाशं कर्मचारीहरूको उपस्थिति रहेको थियो ।



वनभोज कार्यक्रमका सहभागीहरूको सामूहिक तस्बिर ।

## दर्तावाला लेखापरीक्षक सदस्यहरुको पेशागत प्रमाणपत्रको वर्गवृद्धि सम्बन्धी आवेदन फाराम भर्ने सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५४ बमोजिम न्यूनतम शैक्षिक योग्यता पुगेका यस संस्थाको सदस्यता प्राप्त "ग" र "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरुले अनुभवको प्रमाण पेश गरी वा वर्गवृद्धि परीक्षा दिई पेशागत प्रमाणपत्रको वर्गवृद्धि गर्नकालागि २०६८ चैत्र १४ गतेदेखि २०६९ वैशाख १३ गते सम्म तोकिएको दस्तुर र २०६९ वैशाख २० गतेसम्म बिलम्ब दस्तुर सहित तोकिएको फाराम भरी आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

- वर्गवृद्धिको आवेदन फाराम (शैक्षिक योग्यता तथा परीक्षाको आधारमा)
  http://www.ican.org.np/_downloads/misc/_june_exm_2012/application_form_upgrading_exam.pdf
- वर्गवृद्धिको आवेदन फाराम (शैक्षिक योग्यता तथा अनुभवको आधारमा)
  http://www.ican.org.np/_downloads/misc/_june_exm_2012/upgrade_by_experience_form.pdf
- पाठ्यक्रम ग बाट ख
  http://www.ican.org.np/_downloads/misc/_june_exm_2012/syllabus_of_upgrading_examination_c_to_b.pdf
- पाठ्यक्रम घ बाट ग
  http://www.ican.org.np/_downloads/misc/_june_exm_2012/syllabus_of_upgrading_examination_d_to_c.pdf
- वर्गवृद्धि सम्बन्धी सूचना तथा अन्य आवश्यक जानकारी
  http://www.ican.org.np/_downloads/misc/_june_exm_2012/upgrading_noticerule_54_and_upgrading_information.pdf


**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्स: २५८५६८, इमेल: ican@ntc.net.np, वेबसाइट: www.ican.org.np


प्रापकको नाम र ठेगाना:

टिकट


प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्स: २५८५६८, इमेल: ican@ntc.net.np, वेबसाइट: www.ican.org.np
शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज